# विद्यालयका लागि बाल संरक्षण मापदण्ड, २०८२ (नमूना)

(परिषद्ले स्वीकृत गरेको मिति २०८२/०१/२१)

**प्रस्तावना:** ..... प्रदेश ......... जिल्ला ................................... गाउँपालिका /नगरपालिका / उपमहानगरपालिका /महानगरपालिका वडा नं. ...... ...... मा रहेको श्री ....................... .......... ....... ............. ........................ विद्यालयले बालबालिका विरूद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्नको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले देहायका बाल संरक्षण मापदण्डहरु बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी मापदण्डहरुको नाम“ ................ विद्यालयको बाल संरक्षण मापदण्ड, २०८२” रहेको छ।

(२) यो मापदण्ड विद्यालयको व्यवस्थापन समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) “अनुसन्धान” भन्नाले कसूरजन्य कार्यको अुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय तथा अधिकारीले गर्ने सोधपुछ तथा जाँचबुझ सम्बन्धी समग्र प्रक्रिया सम्झनु पर्छ।

(ख) “उजूरी” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धित अधिकारी वा निकायमा लिखित वा मौखिक रूपमा सूचना तथा जानकारी दिने कार्य सम्झनु पर्छ।

(ग) “उजूरीकर्ता” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धित अधिकारी वा निकायमा यस मापदण्ड वा प्रचलित कानून बमोजिम उजूरी दिने व्यक्ति सम्झनु पर्छ।

(घ) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ङ) “कसूरजन्य कार्य” भन्नाले ऐनको दफा ६६ को उपदफा (२) र (३) बमोजिमको बालबालिका विरुद्धको कसूर सम्झनु पर्छ र सो शब्दले प्रचलित अन्य कानून बमोजिम हुने फौजदारी कसूर समेतलाई जनाउँछ।

(च) “जाँचबुझ” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धी उजुरी परेपछि विद्यालयले तोकेको व्यक्ति वा समितिबाट उक्त घटना सम्बन्धी सूचना एवम् प्रमाण सङ्कलन गर्न गरिने अनुगमन, मूल्याङ्कन तथा सोधपुछ गर्ने र बयान लिने जस्ता कार्यको एकीकृत स्वरुप सम्झनु पर्छ।

(छ) “नियमावली” भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(ज) “पीडित तथा प्रभावित” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल-यौन दुर्व्यवहार र अन्य दुर्व्यवहारका कारणले शारीरिक चोटपक, घाउ तथा दुखाइ भएका वा मानसिक यातनामा परेका बालबालिका सम्झनु पर्छ।

(झ) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ञ) "बालबालिका विरुद्धको हिंसा" भन्नाले ऐनको दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ट) "बाल यौन दुर्व्यवहार" भन्नाले ऐनको दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ठ) "बाल हेल्पलाइन सेवा" भन्नाले नियमावलीको नियम ९० बमोजिमको सेवा सम्झनु पर्छ ।

(ड) "अन्य दुर्व्यवहार" भन्नाले बालबालिकालाई शारीरिक, मानसिक र भावनात्मक रुपले पार्ने नकारात्मक असर सम्झनु पर्छ । सो शब्दल`सूचना प्रविधिको माध्यमबाट अनलाइन वा अफलाइन गरिने अमर्यादित, अमानवीय र अपमानजक व्यवहार, यातना, वेवास्ता, हेपाई, भेदभाव, बेचविखन, गैरकानूनी ओसारपसार, जोखिमपूर्ण श्रम तथा व्यवसायजन्य कार्य समेतलाई जनाउँछ ।

स्पष्टीकरण: यस मापदण्डमा 'दुर्व्यवहार'लाई बालबालिकामाथि हुने कुनै पनि प्रकारका हानिलाई समेट्ने बृहत् अवधारणाको रूपमा प्रयोग गरिएको छ, जसले भेदभाव, दुर्व्यवहार, शोषण, अपहेलना, यातना, हिंसा र बेवास्ता वा हेलचेक्रयाइँसमेत सबै प्रकारका हानिलाई बुझाउँदछ ।

(ढ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ण) "बाल बालिकाको खोजतलास सेवा" भन्नाले नियमावलीको नियम ८९ बमोजिमको सेवा सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले यस मापदण्डको दफा ११ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(थ) "संरक्षक" भन्नाले बालबालिकाको वैकल्पिक हेरचाह गर्न प्रचलित कानून बमोजिम नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा प्रचलित कानून बमोजिम दर्ता भएर बालबालिकालाई पालन पोषण तथा हेरचाह गर्न अनुमति प्राप्त गरेको संस्था सम्झनु पर्छ ।

(द) "न्यायिक निकाय" भन्नाले प्रचलित कानून बमोजिम न्याय सम्पादनका लागि स्थापित निकाय सम्झनु पर्छ । सो शब्दले अनुसन्धान गर्ने, अभियोजन गर्ने, न्याय निरूपण गर्ने न्यायिक तथा अर्ध-न्यायिक निकाय समेतलाई जनाउँछ ।

(ध) "विद्यालय" भन्नाले माध्यमिक तहसम्म अध्ययन अध्यापन हुने सामुदायिक, संस्थागत तथा निजी विद्यालय सम्झनु पर्छ । सो शब्दले प्रारम्भिक बाल विकास केन्द्रलाई समते जनाउँछ ।

(न) "बाल अधिकार संरक्षण शिक्षक" भन्नाले यस मापदण्डको दफा १३ को उपदफा (१) बमोजिम तोकिएको शिक्षक सम्झनु पर्छ ।

## परिच्छेद -२
## औचित्य, उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

३. औचित्य: यस मापदण्डको औचित्य देहाय बमोजिम रहेको छ:-

(क) नेपालको संविधानको धारा ३१ को उपधारा (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा

निःशुल्क पाउने हक प्रत्याभूत गरेको र धारा ३९ को उपधारा (७) ले कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने संवैधानिक व्यवस्था गरेको,

(ख) ऐनको दफा ५७ बमोजिम बालबालिकामाथि हुने वा हुनसक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्न संस्थागत तहमा विद्यालयले बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्ने कानूनी व्यवस्था रहेको,

(ग) संविधान र ऐनमा भएको व्यवस्थालाई प्रत्येक विद्यालयले संस्थागत तहमा लागू गरी बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्ने संस्थागत प्रणाली स्थापना गरी बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन सुनिश्चित गर्न गराउन बाल संरक्षण मापदण्ड निर्माण गरी लागू तथा कार्यान्वयन गर्न आवश्यक भएको ।

४. उद्देश्य: यस मापदण्डका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको जोखिम पहिचान गर्नु र सोको रोकथामका उपाय अपनाउनु,

(ख) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी उजूरीको तत्काल कारबाही गरी सम्बोधन गर्न विद्यालयमा एक बाल संरक्षण संयन्त्र स्थापना गरी क्रियाशील गराउनु,

(ग) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकाको संरक्षण एवम् अत्यावश्यक सेवा उपलब्ध गराउन समन्वय गर्नु,

(घ) प्रत्येक विद्यालयको संस्थागत तहमा बाल संरक्षण सुनिश्चित गर्नका लागि कार्यविधि तथा प्रक्रिया सहतिको मापदण्ड तथा आचारसंहिता लागू गर्नु,

(ङ) बालबालिका विरूद्धको हिंसा, बाल यौनदुर्व्यवहार तथा अन्य दुर्व्यवहार विरूद्ध विद्यालयका सरोकारवालाको सचेतना बढाएर तथा आचारसंहिता लागू गरेर विद्यालयमा भयरहित वातावरणमा शिक्षण सिकाइ गर्नु तथा बाल अधिकारको सम्मान र संरक्षण सुनिश्चित गर्नु ।

५. सिद्धान्त: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, शीघ्र तथा तत्काल कारबाही गर्दा देहायका सिद्धान्त अवलम्बन गर्नु पर्नेछ:-

(क) बालबालिकाको सर्वोत्तम हित: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथामको कार्य गर्दा, उजूरी लिँदा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

(ख) भेदभाव रहितता: बाल संरक्षण कार्य गर्दा कुनै बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, व्यवसाय, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने ।

(ग) शून्य सहनशीलता: कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार र हानिविरूद्ध शून्य सहनशीलताको सिद्धान्त अनुरूप कारबाही गर्ने ।

(घ) गोपनीयताको हक: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको उजूरी लिँदा, शीघ्र तथा तत्काल कारबाही गर्दा बालबालिकाको उद्धार, संरक्षण एवम् पुन:स्थापना लगायतका बाल संरक्षण कार्यमा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्ने ।

(ङ) बालबालिकाको विचार र भावनाको कदर: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिविरूद्ध बाल संरक्षण कार्य गर्दा पीडित तथा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिइने तथा निजको बढ्दो उमेर एवम् परिपक्वता अनुरूप व्यक्त गरेको विचार र भनाइको उचित कदर गर्ने ।

(च) आधारभूत सेवाको प्रत्याभूति: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुन:स्थापना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोबास, मनोविमर्श, कानूनी सेवा लगायत आधारभूत सेवाको प्रत्याभूति गर्न विद्यालयले स्थानीय तहमा क्रियाशील बाल संरक्षण संयन्त्र तथा निकायसँग समन्वय गरी सेवाको सुनिश्चितता गर्ने ।

(छ) बालमैत्री व्यवहार: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुन:स्थापना लगायतका बाल संरक्षण कार्यमा बालमैत्री व्यवहार गर्ने ।

(ज) सम्बन्धित निकाय, संयन्त्र तथा सेवा प्रदायकसँगको समन्वय र सहकार्य: बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, तत्काल कारवाही र पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुन:स्थापना लगायतका बाल संरक्षण कार्यमा विद्यालयले राज्यका निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।

६. बाल संरक्षण मापदण्ड लागू हुने: यो मापदण्ड देहाय बमोजिमका शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिको हकमा लागू हुनेछ:-

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी,

(ख) विद्यालय व्यवस्थापन समितिले गठन गरेको समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी तथा विज्ञ/विशेषज्ञ वा सल्लाहकार,

(ग) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, सहयोगी, स्वयम् सेवक, सवारी चालक, क्यान्टिनका सञ्चालक तथा कर्मचारी, प्रशिक्षक, स्रोत व्यक्ति,

(घ) विद्यालयको अनुगमन तथा निरीक्षण गर्न एवम् अनुसन्धानका लागि आउने पदाधिकारी, कर्मचारी, व्यक्ति, अन्य सम्बद्ध व्यक्ति, सेवा प्रदायक र वस्तु तथा सेवाको आपूर्तिकर्ता,

(ङ) बालबालिकाका बाबुआमा वा सौतने बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक वा अभिभावक,

(च) विद्यालयमा अध्ययनरत बालबालिका र उनीहरूसँग काम विशेष वा भेटका लागि आउने जोसुकै अन्य व्यक्ति वा नातेदारहरु ।

## परिच्छेद -३
## विद्यालयको दायित्व, बालबालिकासँग गर्न नहुने कार्य र बाल संरक्षण तथा सुरक्षणका उपाय

७. बाल संरक्षण सुनिश्चित गर्नु विद्यालयको दायित्व हुने: विद्यालयमा बालबालिकाको अधिकार तथा हक हितको सम्मान, संरक्षण र सम्बर्धन गर्नका लागि बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, संरक्षण र कारबाही सुनिश्चित गर्न विद्यालयले देहायको दायित्व निर्वाह गर्नु पर्नेछ:-

(क) विद्यार्थी जीवनको अनुभव तथा भोगाइ हरेक बालबालिकाको लागि जीवनपर्यन्त अत्यन्तै महत्वपूर्ण हुने हुनाले त्यसलाई सदैव सकारात्मक बनाउन प्रयत्न गर्ने,

(ख) विद्यालयको ख्याति वा बालबालिकाको प्रतिभा प्रस्फूटन गराउने भनी विद्यार्थीलाई शारीरिक वा मानसिक दबाब दिई सीप-कौशल नसिकाउन वा त्यसमा आवश्यक भन्दा बढी समय दिन बाध्य नपार्ने तथा स्वीकृति नलिई सामाजिक सञ्जालमा निजको फोटो, भिडियो नराख्ने,

(ग) बालबालिकामाथि हुनसक्ने बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका जोखिम घटाउने जिम्मेवारी वहन गर्ने,

(घ) यस मापदण्ड र गुनासो सुनुवाइ कार्यविधि, २०७४ को कार्यविधि लागू गरी प्राप्त उजूरी तथा गुनासोको तत्काल कारबाही गरी घटना व्यवस्थापन गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी, शिक्षक, प्रशिक्षक तथा कर्मचारी लगायत सम्बन्धित सबैलाई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी अभिमूखीकरण तथा तालीम दिएर घटनाको रोकथाम तथा कारबाही गर्न आवश्यक ज्ञान, सीप र प्रक्रियाबारे क्षमता अभिवृद्धि गर्ने,

(च) विद्यालयका सबै विद्यार्थी अभिभावकलाई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी सचेत रहन तथा कुनै घटना भएमा त्यसबारे विद्यालयको बाल संरक्षण संयन्त्र लगायत सम्बन्धित अन्य निकायमा उजूरी तत्काल गर्न सक्ने बनाउन अभिमूखीकरण गर्ने र यसको लागि विद्यालमा गठन भई क्रियाशील रहेको बाल क्लबलाई समेत सहभागी तथा समन्वय गर्ने,

(छ) विद्यालयमा बालबालिकामाथि भएका बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिको कारबाही गर्दा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गर्ने,

(ज) विद्यालयमा बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

८. बालबालिकासँग गर्न नहुने कार्य: (१) दफा ६ बमोजिम विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिले बालबालिकासँग देहाय बमोजिमका कार्य तथा व्यवहार गर्नु गराउनु हुँदैन:-

(क) बालबालिकाको उमेर, वर्ग, जात, जातियता, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, वर्ण, शारीरिक, मानसिक तथा आर्थिक अवस्थाको आधारमा भेदभावजन्य हुने बोली, व्यवहार, कार्य एवम् गतिविधि,

(ख) बालबालिकालाई दोषारोपण गर्ने, होच्याउने, निन्दा गर्ने, हेप्ने, कलंकित गर्ने वा अपहेलित तुल्याउने, कमजोर ठान्ने तथा लाञ्छना लगाउने कार्य,

(ग) सामाजिक सञ्जाल, वेबसाइट, आमसञ्चारका माध्यम, लिखत तथा दस्तावेजमा बालबालिकाको व्यक्तिगत परिचय खुल्नेगरी रेखाचित्र, तस्वीर, श्रव्यदृश्य सामग्री सम्प्रेषण गरी निज तथा निजको परिवारलाई जोखिममा पार्ने तथा लज्जित एवम् कलंकित बनाउने कार्य,

(घ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार एवम् बालबालिका विरूद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक लगायतका हिंसा, दुर्व्यवहार र यातना गर्ने, त्यस्तो हिंसा, दुर्व्यवहार र यातना गर्न दुरूत्साहन गर्ने एवम् उत्तेजित पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य,

(ङ) बालबालिका तथा निजको परिवारको आत्म-सम्मान, मान-मर्यादा र सामाजिक हैसियतमा नकारात्मक असर पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य,

(च) बालबालिकालाई शारीरिक चोटपटक लगाउने वा मानसिक असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा तथा तनाव दिने कार्य,

(छ) बालबालिकासँग यौन आशय झल्कने, नराम्रो छुवाई तथा स्पर्श, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार गर्ने कार्य,

(ज) बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्ने वा यौन सम्पर्क गर्ने कार्य,

(झ) बालबालिकालाई प्रचलित कानून विपरीत श्रममा लगाउने र निजको क्षमताभन्दा बढी काममा लगाउने कार्य,

(ञ) आर्थिक लाभ लिने उद्देश्यले बालबालिकाको रचना, कलाकृति, प्रतिभाको दुरूपयोग गर्ने कार्य,

(ट) बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियोको दुरूपयोग गरी निजको शोषण गर्ने कार्य,

(ठ) बालबालिकालाई जोखिममा पार्ने, हिंसा, दुर्व्यवहार तथा शोषण लगायतका हानिमा पार्ने तथा पुनःपीडित हुनसक्ने अवस्था, क्रियाकलाप, गतिविधि एवम् कार्य,

(ड) बालबालिकालाई वेवास्ता गरी निजलाई जोखिम पर्न दिने, पीडित हुन दिने तथा बालबालिका वेवास्तामा परेको, जोखिममा रहको तथा पीडित हुनसक्ने अवस्थाबारे जानकारी पाएपछि सम्बन्धित निकायमा खबर नगरी त्यसै बस्ने कार्य,

(ढ) बालबालिकालाई निजको सर्वोत्तम हितको लागि प्रचलित कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले बाहेक निजको परिवार, समुदाय तथा निजका दाजुभाइ दिदीबहिनीबाट अलग गर्ने कार्य,

(ण) बालबालिकालाई परिवारसँग सम्पर्क राख्ने, निजको उमेर, रूचि र परिपक्वता अनुरूप सहभागी हुने, फूर्सदको समयमा उमेर, रूचि तथा परिपक्वता अनुसार खेल्न तथा मनोरञ्जनबाट बञ्चित गर्ने कार्य,

(त) प्रचलित कानून बमोजिम गैरकानूनी ठहरिने, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिले वर्जित गरेका र समुदायको परम्परागत मूल्य-मान्यताले स्वीकार नगर्ने बोली, व्यवहार गर्ने कार्य,

(थ) बालबालिकालाई कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने कार्य,

(द) बालबालिकालाई धूमपान, मद्यपान, वा जुवा तास जस्ता कूलतका संलग्न गराउने कार्य,

(२) दफा ६ बमोजिम विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र वयस्क व्यक्तिले उपदफा (१) बमोजिम गर्न नहुने कार्यहरु नगर्नुका साथै अनुसूची -१ बमोजिमको आचारसंहिता पालना गर्नु पर्ने, आचारसंहिता पढीबुझी सहिछाप गरी विद्यालयको अभिलेखमा राख्न दिनु पर्नेछ र सो अभिलेख विद्यालयले सुरक्षित राख्नु पर्नेछ ।

९. जोखिम लेखाजोखा तथा सुरक्षणका उपाय अपनाउनु पर्नेः (१) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय लगायत सबै शिक्षक, प्रशिक्षक तथा कर्मचारीले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा बालबालिकाको संरक्षण सुनिश्चित गर्न देहाय बमोजिमका सुरक्षणका उपायहरु अपनाउनु पर्नेछः-

(क) बालबालिका सहभागी हुने कार्यक्रम सञ्चालन हुने स्थान तथा समय बाल संरक्षण तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त छ, छैन सोको लेखाजोखा गर्नु पर्ने,

(ख) बालबालिका सहभागी हुने कार्यक्रम स्थलमा आकस्मिक सेवा, प्राथमिक उपचार बाकस लगायतका सेवा, सुविधा उपलब्ध भए नभएको यकीन गर्नु पर्ने,

(ग) बालबालिकालाई आफूले बसोबास गरिरहेको थातथलोभन्दा अन्यत्र लामो दूरीको यात्रा गरी कार्यक्रममा सहभागी गराउँदा सामूहिक दूर्घटना बीमा गर्नु पर्ने,

(घ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा सकभर समान लिङ्गीय वयस्क हेरालु/संरक्षकको साथ पठाउने व्यवस्था गर्नु पर्ने,

(ङ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा निज स्वयम् र निजका बाबुआमा, वा परिवारका अन्य सदस्य वा संरक्षक अभिभावकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(च) कार्यक्रम अवधिभर बालबालिकाको आत्म-सम्मान, मान-मर्यादा, शारीरिक, सामाजिक, साँस्कृतिक, भावनात्मक, मनोवैज्ञानिक, धार्मिक अवस्थामा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्नु गराउनु नहुने ।

(२) उपदफा (१) बमोजिम बालबालिका सम्बन्धी कुनै कार्यक्रम कार्यान्वयन गर्दा जोखिम लेखाजोखा तथा सुरक्षा जाँचका विधिको प्रयोग नगरेको पाइएमा त्यसलाई यस मापदण्ड बमोजिम वेवास्ता वा अवज्ञा गरेको मानिनेछ र सो कार्य संस्थागत अनुशासनको दायराभित्र रहेको मानी विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल अधिकर समिति तथा बाल कल्याण अधिकारीले निर्देशन दिई सुधार गर्न सचेत गराउनु पर्नेछ ।

१०. बालबालिकाको गोपनीयता कायम गर्नु पर्नेः (१) विद्यालयले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा दफा ६ बमोजिम विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र वयस्क व्यक्तिले बालबालिकासँग काम गर्दा बालबालिकाको गोपनीयता देहाय बमोजिम कायम गर्नु पर्नेछ-ः

(क) बालबालिकालाई ग्लानी हुने, लाज हुने तथा अप्ठ्यारो महसुश हुने खालका व्यक्तिगत विवरण, कथा/घटना विवरण, तस्वीर, भिडियो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य कुनै सूचना जानकारी सङ्कलन गर्दा निज स्वयम् र निजका बाबुआमा, वा परिवारका अन्य सदस्य वा संरक्षक वा अभिभावकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी प्रचलित कानून बमोजिम गोप्यो राख्नु पर्ने र त्यो सार्वजनिक गर्नु गराउनु नहुने,

(ग) एउटा प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी अन्य प्रयोजनका लागि प्रयोग गर्नु नहुने,

(घ) बालबालिकालाई थप जोखिम तथा हानि हुनेगरी कुनै पनि सूचना जानकारी बताउन वा सार्वजनिक गर्न दबाब दिने, प्रलोभनमा पार्ने, शक्ति प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुरूउत्साहित गर्ने कार्य गर्नु गराउनु नहुने ।

(२) यस मापदण्ड र प्रचलित कानूनी प्रक्रिया बमोजिम उजूरी सुनुवाइ, जाँचबुझ, अनुसन्धान, अभियोजन तथा मुद्दा चलाउने लगायतको उजूरी सम्बन्धी सम्पूर्ण प्रक्रियामा पीडित तथा प्रभावित र साक्षी तथा उनीहरूको परिवार एवम् कसूरको आरोप लागेका बालबालिकाको समेत गोपनीयताको सम्मान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गोपनीयता कायम गर्द देहायका कार्य गर्नु पर्नेछः-

(क) न्यायिक निकाय तथा अख्तियार प्राप्त बाल संरक्षण संयन्त्रबाट अन्तिम निर्णय नभएसम्म वा भएपछि समेत घटनाको बारेमा सञ्चार माध्यम, सामाजिक सञ्जाल, वेबसाइटमा प्रभावित बालबालिकाको पहिचान खुल्ने जानकारी प्रकाशन गर्नु तथा अन्य व्यक्तिलाई दिनु हुँदैन,

(ख) प्रभावित बालबालिका तथा निजको परिवारलाई सेवा, सुविधा प्रदान गर्दा तथा बालबालिकाको पुनःस्थाना गर्दा गराउँदा पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण गोप्य राख्नु पर्नेछ,

(ग) बाल सुरक्षण तथा बाल संरक्षणबारे सचेतना अभिवृद्धि गर्न तथा उजुरी गर्न प्रेरित गर्ने उद्देश्यले बालबालिका विरूद्धको हिंसा, बाल-यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायत हानिका घटनामा बालबालिकाको उमेर र लिङ्ग मात्र खुलाई जानकारी दिनु पर्नेछ,

(घ) पीडित तथा प्रभावित बालबालिकालाई शिक्षा, स्वास्थ्य, कानूनी सहयोग/परामर्श, मनोसामाजिक सहयोग, जीवनोपयोगी सीपका लागि र निजको परिवारलाई अत्यावश्यक सेवाको प्रबन्ध गर्दा तथा सोका लागि सिफारिस गर्दा घटनाबारे आवश्यक मात्र जानकारी दिनु पर्नेछ,

(ङ) खण्ड (घ) बमोजिम आफूलाई प्राप्त बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको सूचना जानकारीको गोपनीयता कायम गर्न सेवा प्रदायक निकाय तथा संस्थालाई सिफारिस पत्रमा नै उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद -४

## बालबालिका विरूद्धको कसूर सम्बन्धी उजूरी तथा कारबाही संयन्त्र

११. बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुनुवाइ समितिः (१) विद्यालयमा यस मापदण्डको कार्यान्वयन गर्न गराउन, बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी उजूरीको दर्ता र छानबिन एवम् कारबाही गर्न गराउन देहाय बमोजिमको एक बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुनुवाइ समिति[1] रहने छः-

(क) प्रधानाध्यापक -संयोजक,

(ख) प्रधानाध्यापकले तोकेको महिला शिक्षक -सह-संयोजक

[1] नेपाल सरकारले लागू गरेको **गुनासो सुनुवाइ कार्यविधि, २०७४** अनुरूप हुनेगरी समितिको नाम गुनासो सुनुवाइ समिति राखिएको र समितिको गठन समेत सोही अनुरूप बनाइएको छ । यसो गरिनुको कारण विद्यालयमा एकै प्रकृतिको एउटै समिति होओस् भन्ने अभिप्राय हो ।

(ग) शिक्षक अभिभावक सङ्घले तोकेको प्रतिनिधि एक जना -सदस्य

(घ) विद्यालयमा गठित बाल क्लबको अध्यक्ष -सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिले तोकेको बाल अधिकार संरक्षण शिक्षक-सदस्य-सचिव

(२) प्रारम्भिक बाल विकास केन्द्रमात्र सञ्चालन भएको हकमा उपदफा (१) बमोजिमको समितिको संयोजक केन्द्र प्रमुख र बढीमा अन्य दुई सदस्य संयोजकले तोकेको रहने गरी समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिका सदस्य र उपदफा (२) बमोजिमको केन्द्र प्रमुख स्वयम्ले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेमा सो सम्बन्धी उजूरीको दर्ता, छानबिन र कारबाही गर्न विद्यालय व्यवस्थापन समिति/केन्द्रको अध्यक्षको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य दुई जना सदस्य रहने गरी गठन गरिएको विशेष समितिले छानबिन तथा कारबाही गर्नु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेमा सो सम्बन्धी उजूरीको दर्ता, छानबिन र कारबाही गर्न विद्यालय व्यवस्थापन समितिको जेष्ठ सदस्यको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिका सबै सदस्य रहेको समितिले कारबाही गर्नु पर्नेछ ।

१२. समितिको काम, कर्तव्य र अधिकार: (१) यस मापदण्डमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालयको बाल संरक्षण मापदण्डको कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय, रेखदेख, प्राविधिक सहयोग तथा अनुगमन गर्ने गराउने,

(ख) दफा ६ बमोजिम विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिलाई बाल संरक्षण मापदण्ड सम्बन्धी तालीम र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना एवम् क्षमता अभिवृद्धि गर्ने गराउने,

(ग) यस मपदण्ड बमोजिम बालबालिका तथा अन्य सम्बन्धित व्यक्तिको उजूरी लिने र त्यस्तो उजूरीलाई यथाशीघ्र कारबाही गर्न तत्काल छानबिन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने,

(घ) खण्ड (ग) बमोजिमको कारबाहीका लागि प्रक्रिया अघि बढाउँदा समितिको बैठक राखी/बसाइ निर्णय भए बमोजिमको कार्य गर्ने, कार्यको अनुसरण गर्ने गराउने र सोको गोपनीयता कायम गर्ने गराउने,

(ङ) घटनाको प्रकृति तथा समितिको प्रारम्भिक छानबिनको निष्कर्ष मुताविक आरोपित व्यक्तिसँग स्पष्टीकरण लिने, आन्तरिक कारबाहीका लागि विद्यालय व्यवस्थापन समिति समक्ष र थप कारबाहीका लागि सम्बन्धित निकाय/संयन्त्रमा सिफारिस गर्ने,

(च) समितिको प्रारम्भिक छानबिनले प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिको भएमा सम्बन्धित स्थानीय प्रहरी कार्यालयलाई कारबाहीका लागि सिफारिस गर्ने र सोको जानकारी बाल कल्याण अधिकारीलाई गराउने,

(छ) पीडित र प्रभावित बालबालिका तथा निजको परिवारलाई आवश्यक सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन सरकारी निकाय, सेवा प्रदायक तथा संस्थासँग समन्वय एवम् सहजीकरण गर्ने,

(ज) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अर्द्धवार्षिक रूपमा विद्यालय व्यवस्थापन समिति र वार्षिक रुपमा बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(झ) ऐनको दफा ६६ को उपदफा (२) र (३) बमोजिमको कसूरजन्य कार्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।

(२) दफा ११ को उपदफा (३) र (४) बमोजिम गठित विशेष समितिको काम, कर्तव्य र अधिकार उपदफा (१) को खण्ड (ग) देखि खण्ड (छ)सम्मको हुनेछ ।

(३) समिति आफ्नो कामको लागि विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुनेछ भने बालबालिकाको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्तिका लागि सम्बन्धित स्थानीय तह र स्थानीय बाल अधिकार समितिप्रति जिम्मेवार रहनेछ ।

१३. बाल अधिकार संरक्षण शिक्षक (चाइल्ड राइटस प्रोटेक्शन टिचर) तोक्नु पर्नेः (१) बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्ने कार्य तथा समितिको काममा सहयोग पुऱ्याउन, यस मापदण्ड बमोजिम विद्यालयले गर्नु पर्ने कामको लागि गुनासो सुन्ने तथा सम्पर्क व्यक्तिको रूपमा रही काम गर्न र बाल संरक्षण मापदण्ड कार्यान्वयन सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिले विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई प्राथमिकता दिइ एक जना बाल अधिकार संरक्षण शिक्षक(चाइल्ड राइटस प्रोटेक्शन टिचर) तोक्नु पर्नेछ ।

(२) यस मापदण्डमा अन्यत्र उल्लेख भएको अतिरिक्त बाल अधिकार संरक्षण शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको बाल संरक्षण मापदण्ड तथा आचारसंहिता लागू गर्न गराउन समितिलाई सघाउने,

(ख) विद्यालयको बाल संरक्षण मापदण्ड सम्बन्धी विद्यालयका शिक्षक, अभिभावक, प्रशिक्षक तथा विद्यार्थी, पदाधिकारी एवम् कर्मचारीको सचेतना अभिवृद्धि गर्ने गराउने,

(ग) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे कुनै सरोकार भएमा उजूरी गर्न बालबालिकालाई सहज हुनेगरी उजूरी प्रणालीसँग परिचित तथा सम्बद्ध गराउने,

(घ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानि सम्बन्धी आएका उजूरीको अभिलेखीकरण गर्ने र त्यसको तत्काल कारबाहीका लागि समितिलाई सहयोग गर्ने,

(ङ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानि सम्बन्धी उजूरीकर्ता र पीडित तथा प्रभावित बालबालिकाको सुरक्षा एवम् संरक्षण गर्न एवम् पुनः पीडित नहुने अवस्था सिर्जना गर्न समितिसँग परामर्श गरी आवश्यक व्यवस्था मिलाउने,

(च) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिका र निजको परिवारलाई स्थानीय तह वा सेवा प्रदायकसँग समन्वय गरी तत्काल आवश्यक सेवा, सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अर्द्धवार्षिक रूपमा समिति र वार्षिक रुपमा बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष प्रतिवेदन तयार गर्न समितिलाई सघाउने ।

१४. उजूरी वा निवेदन दिने प्रक्रियाः (१) विद्यालयसँग सम्बन्धित कुनै शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेको

आशंका भएमा जो कसैले पनि बाल अधिकार संरक्षण शिक्षक वा समितिलाई तुरून्त कुनै पनि माध्यमबाट मौखिक वा लिखित उजूरी वा निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उजूरी प्राप्त गरेपछि बाल अधिकार संरक्षण शिक्षकले त्यसलाई रजिस्ट्रमा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रजिस्ट्रमा उजूरी वा निवेदन परेको मिति, समय, स्थान, उजूरीकर्ता (व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्था) को विवरण, शंकास्पद वा आरोपित व्यक्ति, प्रभावित तथा कारबाहीको अवस्था लगायतको जानकारी समावेश गर्नु पर्नेछ ।

(४) बालबालिका विरुद्धको कसूर सम्बन्धी उजूरी वा निवेदन लिखित वा मौखिक रूपमा प्राप्त नभएमा बाल अधिकार संरक्षण शिक्षक वा समितिले प्रतिकार्य गर्न बाध्य पारिएको मानिने छैन ।

(५) बाल अधिकार संरक्षण शिक्षक वा समितिले बालबालिका विरूद्धको कसूर सम्बन्धी उजूरी उपर कुनै कारबाहीको प्रक्रिया अघि नबढाएमा, ढिलासुस्ती गरेमा वा सन्तोषजनक कार्य सम्पादन नगरेमा वा उजूरीकर्तालाई कारबाहीबारे जानकारी नदिएमा उजूरीकर्ताले सिधै प्रधानाध्यापक समक्ष उजूरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पनि कारबाही हुन नसकेमा नजिकको प्रहरी कार्यालयमा उजूरी गरी सोको जानकारी विद्यालय व्यवस्थापन समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति र न्यायिक समितिलाई लिखित रुपमा दिनु पर्नेछ ।

१५. उजूरी र कारबाहीको दायित्व र प्रक्रिया: (१) विद्यालय तथा विद्यालयसँग सम्बन्धित व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्थाले देहाय बमोजिम दिएको बाल संरक्षण सम्बन्धी उजूरी, आरोप तथा सरोकारको आधारमा बाल अधिकार संरक्षण शिक्षकले आरोप पहिचान गरी यस मापदण्ड बमोजिम सोको कारबाही अगाडि बढाउनु पर्नेछ:-

(क) विद्यालयले सञ्चालन गरेका कुनै पनि कार्यक्रमका सहभागी बालबालिका, अभिभावक, शिक्षक, प्रशिक्षक, पदाधिकारी, समुदायका व्यक्ति वा अन्य जो कोहीबाट प्राप्त उजूरी,

(ख) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, प्रशिक्षक, कर्मचारी, स्वयम् सेवक तथा आगन्तुकबाट प्राप्त उजूरी,

(ग) स्थानीय अभिभावकबाट प्राप्त उजूरी,

(घ) विद्यालयको आधार क्षेत्र (क्याचमेन्ट एरिया) वा समुदायका बाल संरक्षण सम्बन्धी सवालबारे (समाजिक सञ्जाल तथा आमसञ्चारका माध्यमबाट प्राप्त सूचना वा जानकारी ।

(२) उजूरीका प्रकार, कारबाही गर्ने दायित्व तथा विधिहरू देहाय बमोजिम हुनेछन्:-

(क) दफा ६ बमोजिम विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिका विरूद्ध आएको उजूरीलाई सम्बोधन गर्न विद्यालयको प्रधानाध्यापक पूर्ण रूपमा जिम्मेवार हुनु पर्नेछ भने दफा ११ को उपदफा (३) बमोजिम आवश्यकता भै गठित भएको विशेष समितिमा परेका उजूरी तथा कारबाहीको हकमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष जिम्मेवार हुनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको उजूरीको कारबाही प्रक्रिया अगाडि बढाउँदा देहाय बमोजिमका चरण एवम् प्रक्रिया अवलम्बन गर्नु पर्नेछ:-

(१) विद्यालयमा उजूरी प्राप्त गर्ने र सोको अभिलेखीकरण गर्ने,

(२) उजूरीबारे थप जानकारी लिने, उजूरीकर्तासँग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारबाहीको पहिचान गर्ने,

(३) एक हप्ताभित्र यस मापदण्ड बमोजिम उजूरीको कारबाहीलाई किनारा गर्ने वा स्थानीय तहका सम्बन्धित अधिकारी तथा विज्ञ वा बाल संरक्षण संयन्त्रबाट आरोपबारे प्रारम्भिक अनुसन्धान गर्ने गराउने,

(४) यदि शङ्का/आरोप प्रमाणित भएमा वा प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिका घटनामा समितिबाट निर्णय गरी प्रहरी कार्यालयमा कारबाहीको लागि सिफारिस गर्ने,

(५) पीडित तथा प्रभावित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य संरक्षण सहयोग प्रदान गर्न स्थानीय तह वा सेवा प्रदायकसँग समन्वय र सहजीकरण गर्ने,

(६) आरोपित व्यक्तिलाई पद तथा जिम्मेवारीबाट निलम्बन गर्ने,

(७) परिवार तथा समुदायमा पुनःस्थापना नहुञ्जेलसम्म पीडित तथा प्रभावितलाई पुनःस्थापना केन्द्रमा अस्थायी संरक्षण सेवा प्रदान गर्न, निजको परिवारको अनुगमन गरी पारिवारिक परामर्श प्रदान गर्न तथा आवश्यक अन्य सहयोगका लागि समन्वय तथा सहजीकरण गर्ने ।

(३) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी प्राप्त भएका उजूरीको कारबाही गर्दा विद्यालयले आवश्यकतानुसार स्थानीय तहको बाल संरक्षण संयन्त्र, वडा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति, न्यायिक समिति, बालबालिका खोजतलास सेवा (निःशुल्क फोन नं. १०४), बाल हेल्पलाइन सेवा (निःशुल्क फोन नं. १०९८), अस्थायी संरक्षण सेवा केन्द्र, नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र र नेपाल प्रहरी लगायतका स्थानीय संस्थागत संयन्त्रहरुसँग समन्वय र सहजीकरण गर्नु पर्नेछ र त्यस्ता निकाय तथा संस्थाले आवश्यक सहयोग गर्नु गराउनु पर्नेछ ।

१६. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u>: (१) बालबालिका विरूद्धको कसूरको उजूरीमाथि भएको कारबाहीको प्रतिवेदन बाल अधिकार संरक्षण शिक्षकले प्रत्येक शैक्षिक सत्रको छ/छ महिनामा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनलाई विद्यालय व्यवस्थापन समितिले उजूरी तथा कारबाही कार्यान्वयन प्रगतिको समग्र वार्षिक समीक्षा गरी अन्तिम रुप दिइ वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको वार्षिक प्रतिवेदनलाई विद्यालयको प्रधानाध्यापकले शैक्षिक सत्र सकिएको अर्को एक महिनाभित्र वा प्रत्येक वर्षको वैशाख मसान्तभित्र बाल कल्याण अधिकारी मार्फत सम्बन्धित स्थानीय तह र स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ ।

(४) विद्यालयले यस मापदण्ड बमोजिम विद्यालयमा घटेका घटनाहरु बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (CPIMS)मा प्रविष्टी गर्दै जानु पर्नेछ ।

## परिच्छेद -५
## <u>आर्थिक व्यवस्थापन र विविध</u>

१७. <u>बाल संरक्षण मापदण्ड कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन</u>: (१) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्न नियमित रुपमा प्रत्येक वर्ष निश्चित कार्यक्रम वजेट विनियोजन गर्नु पर्नेछ । तर विद्यार्थीहरुबाट शुल्क उठाएर विनियोजन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम वजेट रकमलाई विद्यालयले बाल संरक्षण जोखिम न्यूनीकरण गर्न, बालबालिका सहभागी हुने कार्यक्रममा सामुहिक बीमा (दूर्घटना, मृत्यू, घाइते, बलात्कार, दुर्व्यवहार)गर्न, प्रभावितलाई तत्काल संरक्षण सहयोग प्रदान गर्न, स्वास्थ्य, कानूनी सहयोग, पुनःस्थापना, मुद्दा चलाउन तथा क्षतिपूर्ति, अभिमूखीकरण, तालीम तथा सचेतामूलक कार्यका लागि उपयोग गर्न सक्नेछ।

(३) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्नका लागि आवश्यकतानुसार सम्बन्धित स्थानीय तहबाट वजेट माग गर्न सक्नेछ।

(४) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्नका लागि सम्बन्धित स्थानीय तहमा स्थापना भएको बाल कोषको रकम माग गरी उपयोग गर्न सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम प्राप्त भएको रकम स्थानीय तहको नियमानुसार वा मौजुदा स्थानीय आर्थिक कानून बमोजिम खर्च गर्नु पर्नेछ।

१८. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकारः (१) यस मापदण्डको कुनै व्यवस्थाको थप व्याख्या गर्न ुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ।

(२) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा विद्यालय व्यवस्थापन समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. अनुसूची तथा ढाँचा लागू गर्न सक्ने: (१) यस मापदण्ड बमोजिम बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम गर्न, संरक्षण सुनिश्चित गर्न र तत्काल उजूरीको कारबाही गर्न आवश्यक हुने बालबालिकाको विवरण, प्रतिवेदन लगायतका ढाँचा, फाराम र अनुसूचीहरु गुनासो सुनुवाइ कार्यविधि, २०७४ (नमूना) मा भएका व्यवस्था अनुरुप परिमार्जन गरी विद्यालयले लागू गर्नु पर्नेछ।

(२) विद्यालयमा बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार भएमा बालबालिका स्वयम् वा बालबालिकाका बाबु वा आमा वा अभिावक वा परिवारका अन्य सदस्य वा संरक्षकले अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

२०. गुनासो पेटिका प्रयोग गर्ने: यस मापदण्ड बमोजिमको उजूरी पेटिकाको रुपमा सुनासो सुनुवाइको लागि राखिएको गुनोसो पेटिका नै प्रयोग गर्नु पर्नेछ।

२१. संशोधन गर्न सक्ने: यस मापदण्डलाई आवश्यकतानुसार विद्यालय व्यवस्थापन समितिले संशोधन एवम् परिमार्जन गर्न सक्नेछ।

२२. प्रचलित कानून बमोजिम हुने: (१) यस मापदण्डमा व्यवस्था भएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ।

(२) यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका विषयको हकमा भने प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची -१

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित आचारसंहिता)

श्री .......................................................................... विद्यालयको बाल संरक्षण मापदण्ड बमोजिम- (क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, (ख) विद्यालय व्यवस्थापन समितिले गठन गरेको समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी तथा विज्ञ/विशेषज्ञ, (ग) विद्यालयमा कार्यरत शिक्षक, बाबुआमा, अभिभावक, प्रशिक्षक, कर्मचारी, सहयोगी, स्वंयसेवक, सवारी चालक, चमेना गृह सञ्चालक तथा कर्मचारी र स्रोत व्यक्ति (घ) विद्यालयको अनुगमन गर्न एवम् अनुसन्धानका लागि आउने व्यक्ति, अन्य सम्बद्ध व्यक्ति, सेवा प्रदायक र वस्तु तथा सेवाको आपूर्तिकर्ता देहाय बमोजिमको आचारसंहिता पालना गर्न म (व्यक्तिको नाम) ................ ................ ...................... ......प्रतिबद्ध भई प्रस्तुत आचारसंहिता पढीबुझी सहीछाप गरी एक प्रति विद्यालयमा बुझाएँ ।

(क) बाल संरक्षण मापदण्ड तथा प्रचलित कानूनको पालन गर्नेछु:-

१ बाल संरक्षण मापदण्ड लगायत बालबालिकाको अधिकार सम्बन्धी कानून, मूल्य मान्यता एवम् सिद्धान्तको पूर्ण पालना गरी मेरो व्यक्तिगत, पारिवारिक तथा पेशागत दायित्व उच्च व्यवसायिकताका साथ सम्पन्न गर्नेछु ।

२ नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिका सिद्धान्त तथा नेपाल प्रचलित कानूनका प्रावधान बमोजिम बाल अधिकारको सम्मान, संरक्षण, परिपालना तथा प्रबर्द्धन गर्नेछु ।

३ बाल संरक्षण मापदण्डबारे विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, शिक्षक, प्रशिक्षक, कर्मचारी, अभिभावक तथा सरोकारवाला तथा विद्यार्थीलाई जानकारी दिई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका कुनै सरोकार वा घटना भएमा विद्यालय तथा सम्बन्धित निकायमा उजूरी/रिपोर्ट गर्न प्रोत्साहित गर्नेछु ।

४. विद्यालयमा तथा विद्यालयको क्षेत्र (क्याचमेन्ट एरिया) मा बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे जानकारी पाएमा वा सोको जोखिम देखिएमा तत्काल बाल अधिकार संरक्षण शिक्षक, समिति, विशेष समिति, नेपाल प्रहरी, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा आदि निकायमा जानकारी दिनेछु ।

५ बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे गरिएको कुनै पनि उजूरी/रिपोर्टलाई गहन रूपमा लिनेछु र उजूरी/रिपोर्ट गर्ने व्यक्तिलाई सहयोग गर्नेछु र छानबिन प्रक्रियामा सघाउनेछु ।

६ बालबालिकाको- (अ) हक अधिकार, (आ) सुरक्षण, संरक्षण तथा जोखिमका सवाल, (इ) खास गरी बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकालाई उपलब्ध सेवाबारे आफूलाई थाहा भएको जानकारी बालबालिका, आमाबाबु वा अभिभावक, समुदाय तथा विद्यालयलाई दिनेछु ।

(ख) बालबालिकासँग काम गर्दा र उनीहरूलाई सहभागी गराउँदा देहायका कार्य गर्नेछु:-

१ बालबालिकासँग काम गर्दा उनीहरूमाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि हुन नदिने गरी र त्यसबाट संरक्षण गर्ने गरी काम गर्नेछु ।

२ बालबालिर्कालाई कुनै कार्यक्रममा सहभागी गराउँदा निज तथा निजका अभिभावकलाई त्यस्तो कार्यक्रमको उद्देश्य, विधि, उपयोगिता, सम्भावित जोखिम र त्यसलाई सम्बोधन गर्न अवलम्बन गरिएको उपायबारे जानकारी गराई सुसूचित सहमति लिनेछु ।

३ बालबालिकालाई दलगत राजनीतिक गतिविधिमा सहभागी गराउने छैन वा त्यसको लागि दुरूत्साहन गर्ने छैन ।

४ .बालबालिका सहभागी हुने कार्यक्रमको आयोजना र सञ्चालन गर्दा- (अ) दिनको समयमा, (आ) उज्यालो स्थानमा, (इ) दूर्घटना तथा बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहारको जोखिम आङ्कलन गरी त्यसलाई सम्बोधन गरिएको यकीन गरेर मात्र सञ्चालन गर्नेछु ।

५ बालबालिकासँग व्यक्तिगत प्रकृतिको सूचना लिँदा, कथा/घटना-विवरण सङ्कलन गर्दा, अन्तर्वार्ता लिँदा, तस्वीर वा भिडियो खिच्दा तथा श्रव्यदृश्य सामग्री बनाउँदा बलबालिका स्वयम् वा निजको बाबुआमा, अभिभावकको सुसूचित तथा लिखित सहमति लिनेछु र त्यसरी सङ्कलित सूचना जानकारी तथा श्रव्यदृश्य सामग्री तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु ।

६ बालबालिकालाई जिल्लाबाहिर लाँदा वा राति बास बस्नुपर्ने गरी कुनै कार्यक्रममा सहभागी गराउँदा निजसँग समान लिङ्गीय वयस्क वा महिला हेरालु/संरक्षकको साथमा यात्रा गर्ने व्यवस्था मिलाउनेछु ।

(ग) बालबालिका विरूद्ध भेदभाव, हिंसा, दुर्व्यवहार (यौन दुर्व्यवहार समेत), शोषण, वेवास्ता लगायतका हानि कहिल्यै गर्ने छैनः-

१ बालबालिकालाई लिङ्ग, जातजाति, वर्ण, शारीरिक अवस्था, परिवारको आर्थिक हैसियत वा अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन ।

२. बालबालिकालाई गालीगलौज गर्ने, होच्याउने, हेप्ने, जिस्क्याउने, कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने, दुर्व्यवहार गर्ने, अमानवीय व्यवहार गर्ने, अमर्यादित व्यवहार गर्ने तथा तनाव दिने काम गर्ने छैन ।

३ बालबालिकासँग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्ने छैन ।

४ बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्ने वा यौन सम्पर्क गर्ने छैन । बालबालिकाले स्वीकृति दिएको अवस्थामा पनि त्यो दण्डनीय अपराध हो भन्ने कुरामा म पूर्ण जानकार छु ।

५ एकाघर परिवार वा नजिकका नातेदार बाहेक विद्यालयका कुनै विद्यार्थीलाई राति बास बस्नेगरी आफू बसेको ठाउँमा वा अन्यत्र कहीँ लाने काम गर्ने छैन ।

६ बालबालिकासँग एउटै कोठा तथा एउटै ओछ्यानमा सँगै सुत्ने छैन ।

७ बालबालिकालाई कानूनले निषेध गरेका काम तथा श्रममा संलग्न गराउने तथा बाल श्रम प्रयोग भएको जानीजानी कुनै पनि उत्पादन तथा सेवा विद्यालय र घरमा प्रयोग गर्ने छैन ।

८ मनोविमर्श तथा स्वास्थ्य उपचारको लागि अत्यावश्यक भएकोमा बाहेक एक बालक वा बालिका र वयस्क मात्र भएको अवस्था सिर्जना हुनेगरी बालबालिकासँग काम गर्ने छैन ।

९ बालबालिकाको अगाडि कुनै किसिमको लागू पदार्थ, मद्यपान तथा धूमपान गर्ने छैन ।

१० बालबालिकाले गर्नसक्ने कानून विपरीतका काम, असुरक्षित काम, भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणजन्य हुने काममा बालबालिकालाई प्रोत्साहन गर्ने छैन, आफू त्यसमा सामेल हुने छैन र यस्ता कार्यलाई वेवास्ता नगरी बालबालिकालाई समेत सुसूचित गराउने छु ।

११ विद्यालयको वा आफूले विद्यालयको कामको प्रयोजनका लागि प्रयोग गर्ने कम्प्यूटर र अन्य डिजिटल उपकरणहरूमा अश्लील सामग्री हेर्ने, डाउनलोड गर्ने, सङ्ग्रह गर्ने तथा त्यस्ता सामग्री बनाउने वा वितरण गर्ने काम गर्ने छैन ।

यस आचारसंहितामा लेखिएका सबै बुँदा पालना गर्न म प्रतिबद्ध छु भनी सहीछाप गरी एकप्रति विद्यालय व्यवस्थापनमा बुझाएँ र अर्को एक प्रति आफूसँग सुरक्षित रूपमा राखें ।

नामथर : ......................................

पद वा जिम्मेवारी : ...............................

हस्ताक्षर : ...............................

मिति : ................................

# अनुसूची -२

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित निवेदन ढाँचा)

मितिः ..../.../....

श्री संयोजकज्यू
बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुनुवाइ समिति
.............................. विद्यालय ................ ।

विषयः- कारबाही तथा संरक्षण सुनिश्चित गरी पाउँ ।

प्रस्तुत विषयमा म ............. वर्षको बालक/बालिकामाथि देहाय बमोजिमको (बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार जे भएको हो सोउल्लेख गर्ने) घटना भएको हुँदा आवश्यक कारबाही तथा संरक्षण सुनिश्चितका लागि अनुरोध छ ।

१. गुनासो तथा घटनाको विवरणः
२. घटना घटेको मिति, समय र स्थानः
३. घटना घटाउने व्यक्तिको नाम, थर र ठेगानाः
४. घटना वा समस्या नयाँ हो वा पुरानो दोहरिएको हो सो सम्बन्धी विवरणः
५. घटना वा समस्या सामाधानको लागि केही सुझाव भए सो समेत माग गरिएको बारबाहीको विवरणः

निवेदेकः

दस्तखतः

नाम थरः .........................
(आफूलाई नाम थर गोप्य राख्न इच्छा भए सोसमेत लेख्ने)
कक्षाः ...............
सेक्शनः ..............
रोल नम्बरः ............